"समुन्नत विहादी, सम्मानित विहादीवासी"

# विहादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०८२/८३
चलानी नं. :- २०४०

मिति : २०८३।०३।१५
ने.स. ११४६ तछलाथ्व १५ सोमवार

## शुभकामना सन्देश !

आदरणीय विहादी गाउँपालिकावासी दाजुभाइ तथा दिदीबहिनीहरू,

नेपालको कृषि संस्कृति, परम्परा र आत्मनिर्भरतासँग गहिरो सम्बन्ध बोकेको **राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव, २०८३** को पावन अवसरमा सम्पूर्ण कृषक महानुभावहरू, कृषि क्षेत्रमा संलग्न उद्यमी, श्रमिक तथा आम गाउँपालिकावासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

"**मानो रोपेर मुरी उब्जाउने**" नेपाली किसानको मेहनत, धैर्यता र प्रकृतिसँगको सहकार्यको प्रतीक हो। धान केवल एउटा बाली मात्र नभई हाम्रो संस्कृति, जीवनशैली, खाद्य सुरक्षा र ग्रामीण अर्थतन्त्रको महत्वपूर्ण आधार हो। नेपालको कृषि प्रणालीलाई समृद्ध, आधुनिक र दिगो बनाउन किसानको ज्ञान, सीप र परिश्रमलाई सम्मान गर्दै कृषि क्षेत्रको प्रवर्द्धन गर्नु हाम्रो साझा जिम्मेवारी हो।

**"समुन्नत विहादी, सम्मानीत विहादीवासी"** भन्ने गाउँपालिकाको नारालाई साकार पार्न विहादी गाउँपालिकाले स्थानीय कृषि उत्पादनको वृद्धि, किसानको आयस्तर सुधार, आधुनिक कृषि प्रविधिको प्रयोग, सिंचाइ सुविधा विस्तार, कृषि यान्त्रीकरण तथा उत्पादनको बजारीकरणमार्फत कृषि क्षेत्रलाई थप सशक्त बनाउने नीति लिएको छ। यहाँका मेहनती कृषकहरूको सक्रिय सहभागिता र सहकार्यबाट विहादीलाई कृषि उत्पादनको दृष्टिले आत्मनिर्भर र समृद्ध बनाउने हाम्रो अभियान निरन्तर अघि बढ्ने विश्वास लिएको छु।

यस विशेष अवसरमा म सम्पूर्ण कृषक दाजुभाइ तथा दिदीबहिनीहरूको अथक मेहनतप्रति उच्च सम्मान व्यक्त गर्दै सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिको कामना सहित दृढ भएर उत्कृष्ट व्यावसायिक कृषि कार्यमा लाग्नको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

**राष्ट्रिय धान दिवस २०८३ को हार्दिक मंगलमय शुभकामना !**

**परविन गुरुङ**
**अध्यक्ष**